नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३१ अंक १९२ २०७८ साल फागुन १८ गते बुधबार (2 Mar. 2022 Wednesday) मूल्य रु. ५/-
**Log in : rajbirajdainik.com.np**

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं ।

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : एमसिसी अनुदानका प्रसारण... ३ पृष्ठमा : एमसिसीमा द्वन्द्व सिर्जना गरेर ... ३ पृष्ठमा रुस र युक्रेनबीचको पहिलो..

# महादेव मन्दिरमा पुजा गर्नेको घुईचो



**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

महाशिवरात्रीको अवसरमा मंगलवार राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरमा पुजा गर्ने श्रद्धालु भक्तजनहरुको घुइचो लागेको छ भने बोलबमको नारासहित शिवालयमा जल अर्पण गर्नेहरु आएका छन् ।

पाँच हजार भन्दा बढी भक्तजनले दर्शन र पुजापाठ गरेको मन्दिरका मुल पुजारी महेश्वर भारतीले जानकारी दिए । त्यस्तै सप्तकोशी नदीबाट पवित्र जल बोकेर पैदलै आएका सयौं भक्तजनद्वारा लगाइएको बोलबम, बोलबमको नाराले मन्दिर गुञ्जयमान भएको छ ।

मन्दिरका मुल पुजारी भारतीले सप्तकोशीको पवित्र नदीबाट जल ल्याएर करिब ४ हजार भन्दा बढी भक्तजनले भगवान शिवलाई जल अपर्ण गरेको बताए ।

शिवरात्रीका दिन शिवालयमा जल चढाउनु धार्मिक हिसावले निकै महत्वपुर्ण मानिएकाले प्रत्येक वर्ष काँवर लिएर जल बोकि आउने बोलबमहरुको संख्या बढ्दै गएको मन्दिर व्यवस्थापन समितीका अध्यक्ष ध्रुव देवले बताए ।

सप्तरीको शम्भुनाथ, भुतनाथ, अंकुरी महादेव, लालेश्वरनाथ लगायतका शिवालयहरुमा पनि विहानै देखी जल, दुध चढाउने र दर्शनका लागी आउने भक्तजनको घुईचो लागेको छ । आएका भक्तजनलाई मन्दिर व्यवस्थापन समिती, सुरक्षा निकाय र अन्य संघसंस्थाले. आवश्यक बन्दोवस्तको व्यवस्था गरेकाले भक्तजनहरुले सहजरुपमा पुजा गर्न पाएका छन् ।

सप्तरीको प्रसिद्ध हरिनन्देश्वर महादेव मन्दिरमा दर्शनका लागी आउने दर्शनार्थीहरुका लागी मन्दिर व्यवस्थापन समितीका साथै विभिन्न संघसंस्थाले मिलेर सुविधा दिएका छन् । सनातन संस्कृति नेपाल, विश्व हिन्दु युवा संघ, वाईसिएल नगर कमिटी लगायतका संस्थाले स्वास्थसेवा, पिउने पानी, प्रसाद समाग्रीको प्रबन्ध मिलाएका छन् । जसबाट दर्शनार्थीहरुलाई सहज भएको भक्तालुहरुले सुनाए ।

यस्तै नगरपालिकाले सरसफाई तथा जिल्ला प्रहरी कार्यालयले शिवालयहरुमा सुरक्षाकर्मीको परिचालन गरी सघाएको सम्बद्ध मन्दिर व्यवस्थापन समितीले जनाएको छ । यस्तै मन्दिर परिसरमा २४ घण्टे अष्टयाम तथा अन्य धार्मिक कार्यक्रमको आयोजना गर्न लागिएको हरिनन्देश्वर महादेव मन्दिर व्यवस्थापन समितीका अध्यक्ष देवले बताए ।

यस्तै महाशिवरात्रीका अवसरमा महादेवा गाउँपालिका स्थित अंकुरी महादेव मन्दिरमा मंगलवारै गाउँपालिका अध्यक्ष दिपक यादव र छिमेकी तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष शतिस सिहले संयुक्तरुपमा देवी पार्वतीको मुर्ती स्थापना गरेका छन् ।

# पाँच सय १८ मोतिविन्दुका बिरामीको शल्यक्रिया

**दैनिक समाचारदाता**
**राजविराज, १७ फागुन ।**

सप्तरीको कंचनरुप नगरपालिका १२ स्थित कृति सामुदायिक स्वास्थ्य उपचार केन्द्रमा सञ्चालित तीन दिने नि:शुल्क आँखा शिविरमा ५ सय १८ मोतिविन्दुका बिरामीको आँखाको शल्यक्रिया भएको छ ।

हालै सञ्चालित शिविरमा एक हजार ८ सय ५० जना आँखाका बिरामीले जाँच गराएकोमा सो सङ्ख्यामा बिरामीको शल्यक्रिया गरिएको उपचार केन्द्रका संरक्षक प्रा. डा. रोहित कुमार पोखरेलले जानकारी दिएका छन् ।

तिलगंगा नेत्र प्रतिष्ठान काठमाडौंका चिकित्सकले शल्यक्रियासहितको उपचार गरेका हुन् । शिविरमा डा. सागर रुइत, डा. सृजना अधिकारी, डा. कृपा लोप्चन, डा. प्रविन यादव लगायतका चिकित्सक उपचारमा सहभागी थिए ।

शिविरमा सप्तरी, सिरहा, सुनसरी, उदयपुर जिल्ला र भारतबाट समेत बिरामी आएका थिए । यसअघि सो केन्द्रमा तीन पटक नि:शुल्क आँखा शिविर सञ्चालन भइसकेको छ ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय

### पेटी अतिक्रमणप्रति निकायको मौनता, पसलेको रजाई

वर्षौंदेखी पेटी अतिक्रमण गरेर व्यवसायी संचालन गरिरहँदा समेत राजविराज नगरपालिका मुकदर्शक भइरहेको छ। विगतमा नगरमा भइरहेको अतिक्रमणप्रति केही प्रयास गरेपनि हाल पुनः मौन रहेको छ। पेटी अतिक्रमण भने ज्युँ को त्युँ छ। नगरपालिकाले बटुवालाई सुरक्षित ढंगबाट हिड्डुल गर्ने व्यवस्थातर्फ ध्यान पुऱ्याउन सकिरहेको छैन्। पेटी अतिक्रमण र जथाभावी सबारीसाधन पार्किङ्गले सबारी चलाउन मात्र होइन् हिंडडुल गर्ने समस्याहरु समेत भइरहेको छ।

यस सम्बन्धी नगरपालिकाले कुनै चेतना समेत जगाउन सकेको देखिएको छैन्। सानो तथा खुद्रा पसल थाप्नु मात्र पेटीको अतिक्रमण होइन जथाभावी पार्किङ्ग गर्नु अथवा स्टेण्ड बनाउने कार्य पनि अतिक्रमण हो। यस्ता कामहरु गर्न प्रशासन तथा नगरबासीको सहयोग लिएर नगरपालिकालाई यस्ता अतिक्रमणलाई रोक्न चाडै पहल गर्नु आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# एमसिसी अनुदानका प्रसारण लाइनः जग्गा प्राप्ति र वन क्षेत्रको पहुँच जटिल हुनसक्छ

**रमेश लम्साल**

काठमाडौं, १७ फागुन (रासस)। नेपालमा प्रसारण लाइन निर्माणमा एउटा टावर नै एउटा आयोजना जस्तो बनिरहेको छ। यस्तो बेला पाँच वर्षभित्र नै सम्पन्न गर्ने गरी अमेरिकी सहयोग सम्झौता एमसिसीबाट निर्माण हुने प्रसारण निर्माणको काम सहजरूपमा निकर्षमा पुऱ्याउन भने कडा मिहिनेत गर्नुपर्ने हुनसक्छ।

कूल ३१२ किलोमिटर लामो प्रसारण लाइन ४०० केभी क्षमताको हुनेछ। त्यसमा ८५६ टावर निर्माण हुनेछ। प्रसारण लाइन १० जिल्लाका ३० पालिका र ९२ वडा भएर जान्छ। ती सबै स्थानीय पालिकाका बासिन्दालाई विश्वासमा लिएर काम गर्नु अर्को चुनौतीको विषय बन्न सक्छ।

प्रसारण लाइनले नेपालबाट भारतसम्म जोड्ने पूर्वाधार तयार गर्नेछ। बुटवलबाट भारतको गोरखपुरसम्म नेपाल र भारतको संयुक्त लगानीमा निर्माण हुने अन्तरदेशीय प्रसारण लाइन निर्माणको कार्यलाई उक्त पूर्वाधारले सहयोग पुऱ्याउनेछ। यही फागुन ११ र १२ गते सम्पन्न नेपाल भारत ऊर्जा सचिवस्तरीय बैठकले आगामी अप्रिलसम्म अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि संयुक्त कम्पनी स्थापना गर्ने सहमति गरेको छ।

नेपालतर्फको कूल २० किलोमिटर र भारततर्फ कूल १२० किलोमिटर प्रसारण लाइन निर्माण हुनेछ। न्यू बुटवल हाल नेपाल विद्युत् प्राधिकरणको सबस्टेशन रहेकै स्थानमा ४०० केभी क्षमताको सबस्टेशन समेत निर्माण हुनेछ। प्रसारण ग्रिड कम्पनीको गुरुयोजनाअनुसार बुटवलमा हब स्टेशन निर्माण गर्ने योजना धेरै पहिल्यै अगाडि सारिएको हो।

एमसिसीको सहयोगमा निर्माण हुने ३१२ किलोमिटर लामो डबल सर्किटयुक्त प्रसारण लाइनअन्तर्गत तीनवटा नयाँ ४०० केभी क्षमताको 'इन्डोर ग्यास इन्सुलेटेड सब-स्टेशन' निर्माण हुने एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले जानकारी दिनुभयो।

नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा रातमाटे सब-स्टेशन, तनहुँ जिल्लाको दमौलीमा सब-स्टेशन र नवलपरासी पश्चिम जिल्लाको भुमहीमा न्यू बुटवल सब-स्टेशन निर्माण गरिनेछ। एमसिसीसँग जोडिएको प्रसारण लाइन काठमाडौंको लप्सीफेदी र मकवानपुर जिल्लाको हेटौंडास्थित सब-स्टेशनमा जोडिनेछ। काठमाडौं उपत्यका, हेटौंडा, नारायणगढ, बुटवल दाङ र पोखरामा सहज रूपमा बिजुली उपलब्ध गराउन ती प्रसारण लाइनको महत्वपूर्ण भूमिका रहनेछ।

कूल ४०० किलोभोल्ट क्षमताको डबल सर्किट प्रसारण लाइनले झन्डै तीन हजार मेगावाट बराबरको बिजुली आयात निर्यात गर्न सकिन्छ। सहरी क्षेत्रमा विद्युत् खपत बढाउन तथा अमेरिकी डलर खर्च गरेर आयात गरिने पेट्रोलियम पदार्थको खपतसमेत कम गर्न सकिन्छ।

एमसिए नेपालका कार्यकारी निर्देशक विष्टका अनुसार काठमाडौंको उत्तर पूर्वमा रहको लप्सीफेदीदेखि नुवाकोटको रातमाटेसम्म एउटा प्रसारण लाइन जानेछ। रातमाटेबाट भने एउटा प्रसारण लाइन हेटौंडा जानेछ। अर्को प्रसारण लाइन दमौली जान्छ। नेपाल प्राधिकरणले हाल हेटौंडा-ढल्केबर- इनरुवा प्रसारण निर्माण गरिरहेको छ। रातमाटेबाट गएको प्रसारण लाइन सोही प्रसारण लाइनसँग जोडिन्छ। त्यसबाट पूर्वको बिजुली सहज रूपमा आयात गर्न सहयोग पुग्ने प्राधिकरणको बुझाइ छ।

यस्तै दमौलीबाट कूल ८० किलोमिटर लामो प्रसारण लाइन दक्षिणतर्फ गएर नवलपरासीस्थित नयाँ बुटवल सबस्टेशनमामा जोडिन्छ। सो सबस्टेशनबाट नेपाल भारत सीमा क्षेत्रसम्म पुग्न थप २० किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण गर्नुपर्छ।

नेपाल सरकार र अमेरिकी सरकारको एमसिसीबीच सन् २०१७ मा हस्ताक्षर भएको थियो। प्रसारण लाइन काठमाडौं, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र परासी जिल्ला भएर जान्छ। प्रसारण लाइन निर्माण हुने जिल्लाका प्रभावित क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कनलगायत काम सम्पन्न भएका छन्। अब जग्गा प्राप्ति र वन क्षेत्रको जग्गा प्रयोगका लागि स्वीकृति लिन बाँकी छ।

कार्यकारी निर्देशक विष्टका अनुसार जग्गा अधिग्रहणको काम नै सबैभन्दा ठूलो, गाह्रो र लामो हो। उहाँले भन्नुभयो, "समयसीमा निर्धारण गर्दा बढी समय कुन कामका लागि लाग्छ भन्ने हेरिन्छ। त्यस आधारमा हेर्दा यो कामका लागि बढी समय लाग्छ। अरू काम समानान्तर रूपमा नै हुन्छ। ठाउँठाउँको जग्गा अधिग्रहणको काम गर्नुपर्छ। नेपालको जग्गा प्राप्ति ऐन, २०३४ अनुसार काम गर्नुपर्छ।"

सम्झौताअनुसार आयोजना अगाडि बढेपछि नेपालले आगामी पाँच वर्षभित्र अमेरिकी सरकारबाट झन्डै ५० करोड अमेरिकी डलर (करिब रु ६० अर्ब) अनुदान सहयोग प्राप्त गर्नेछ। एमसिसीबाट प्राप्त हुने ५० करोड डलरमध्ये ४० करोड डलर विद्युत् प्रसारण लाइन निर्माणमा खर्च हुनेछ।

एमसिसीको पाँच करोड २० लाख डलरले पूर्वपश्चिम राजमार्गको चन्द्रौटा, धानखोला, भालुवाङ, लमही हुँदै शिवखोलासम्मको सडक स्तरोन्नति गनिरेछ। यस्तै, झन्डै १०० किलोमिटर सडक मर्मतमा खर्च गरिनेछ।

प्रसारण लाइन निर्माण हुने क्षेत्रमा मात्रै करिब दुई लाख १७ हजार बराबर रूखबिरुवा काट्नुपर्छ। त्यसमा रूखभन्दा पनि बुट्यान धेरै रहेको एमसिए नेपालको अध्ययनमा देखिएको छ।

एमसिए नेपालले गरेको सामान्य हिसाबमा मुआब्जाका लागि झन्डै रु आठ अर्ब बराबरको खर्च हुनेछ। त्यसमध्ये डेढ अर्ब रुपैयाँ नुवाकोटको रातमाटेमा वितरण भइसकेको छ। त्यहाँ सबस्टेशन निर्माण हुनेछ। पहाड तथा डाँडाकाँडा भएर प्रसारण लाइन जाने हुनाले धेरै खर्च नपर्ने देखिन्छ।

नेपालका भौतिक पूर्वाधारका परियोजनाको सबैभन्दा जटिल काम नै जग्गा प्राप्ति र मुआब्जा वितरण भएकाले त्यसलाई समयमै सम्पन्न गर्न सरकारी तदारुकता पनि उत्तिकै आवश्यक देखिन्छ। त्यस्तै वन क्षेत्रका जग्गा प्रयोग एवम् सामुदायिक वनसँगका कामलाई पनि उत्तिकै प्रभावकारी बनाउन जरुरी छ। प्राधिकरणले निर्माण गरिरहको हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन रुग्ण अवस्थामा छ। स्थानीयवासीले आयोजनामा अनेक समस्या पैदा गरेकाले दातृ निकाय विश्व बैंकले समेत गुनासो गरिरहेको छ।

यस्तो अवस्थामा एमसिसी सहयोग अनुदानबाट निर्माण हुने प्रसारण लाइनलाई समयमै सम्पन्न गर्न सरकारी निकाय, आयोजना प्रभावित तथा अन्य सम्बद्ध निकायको प्रभावकारी भूमिका जरुरी देखिन्छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मलः** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५

# एमसिसीमा द्वन्द्व सिर्जना गरेर राजनीति नगर्न अध्यक्ष ओलीको आग्रह

काठमाडौं, १७ फागुन (रासस)।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले अमेरिकी सहयोग मिलीनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्बन्धी सम्झौता संसद्बाट पास भइसकेकाले अब राष्ट्को हित प्रतिकूल नहुने गरी यसको कार्यान्वयन हुनुपर्ने बताएको छ।

एमालेले एमसिसीबारे पार्टीको धारणा सार्वजनिक गर्न मंगलबार आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा एमसिसीको पक्षमा आफ्नो धारणा सार्वजनिक गर्दै विदेशी सहायताको सम्झौता गर्नु अगाडि यथेष्ट ध्यान दिनुपर्नेमा सम्झौता नै गरिसकेपछि यसको कार्यान्वयनमा लाग्नुपर्ने बताएको हो।

सो अवसरमा एमालेका अध्यक्ष केपी शर्मा ओलीले एमसिसीलाई विकास परियोजनाका रूपमा लिनुपर्ने बताउँदै यसमा मतभेद, द्वन्द्व सिर्जना गरेर राजनीति नगर्न आग्रह गर्नुभयो। एमसिसीको विरुद्धमा सडकमा कार्यकर्ता ओरालेर आन्दोलन गराउनु गलत भएको उहाँको भनाइ थियो।

प्रमुख प्रतिपक्षी दलका नेतासमेत रहनुभएका अध्यक्ष ओलीले तत्काल ताजा जनादेशका लागि सरकार जानुपर्ने बताउँदै लोकतन्त्र र संविधान रक्षाका लागि कांग्रेस र एमालेबीच छलफल भएको बताउनुभयो। उहाँले लोकतन्त्रका लागि लड्दै आएको नेपाली कांग्रेस र एमालेबीच सहकार्य हुनुपर्नेसमेत बताउनुभयो।

उहाँले एमसिसी पास गर्दा आफूहरूलाई संसदीय प्रक्रियामा सहभागी हुने वातावरणसमेत नबनाई एमालेलाई पाखा लगाउने काम भएको आरोप लगाउनुभयो। अध्यक्ष ओलीले प्रतिनिधिसभामा प्रस्तुत गरिएको एमसिसीको व्याख्यात्मक टिप्पणी भ्रमको खेती भएको आरोप लगाउनुभयो।


एमसिसी सम्झौता इन्डो प्यासिफिक रणनीति (आइपिएस)को अङ्ग हो भनेर हल्ला चलाइएको तथा आफ्नो सरकारले संसद्मा पेस गरेर गल्ती गऱ्यो भनिएको प्रसंग उल्लेख गर्दै उहाँले तत्कालिन मन्त्री प्रदीप ज्ञवाली अमेरिका गएर यसलाई आइपिएसको अङ्ग बनाइयो भनेरसमेत हल्ला चलाइएको बताउनुभयो। अध्यक्ष ओलीले भन्नुभयो, "अमेरिका भनिरहेको छ आइपिएसको अङ्ग होइन। अहिले उहाँहरू पनि भन्नुहुन्छ आइपिएसको अङ्ग होइन। व्याख्यात्मक घोषणामा पनि उनीहरूले होइन भनेका छन्। अनि ज्ञवालीले आइपिएसको अङ्ग बनाएको भनेर कोलाहल किन गरेको ?"


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


# विश्व समाचार

## रुस र युक्रेनबीचको पहिलो चरणको वार्ता निष्कर्षविहीन

मस्को, १७ फागुन (रासस/सिन्ह्वा)।

रुस र युक्रेनबीचको युद्ध चर्किएका बेला सोमबार यी दुई देशकाबीचमा पहिलो चरणको शान्ति वार्ता भएको छ।

सो वार्ता युक्रेन र बेलारुसबीचको सीमामा भएको थियो। रुसी र युक्रेनी अधिकारीबीच पहिलो चरणको वार्ता सकिएको तर सो वार्ताले कुनै निष्कर्ष भने ननिकालेको अधिकारीले जनाएका छन्।

युक्रेनका अधिकारीले नै यस वार्ताले त्यस्तो कुनै ठूलो नतिजा निकाल्ने अपेक्षा गरिएको बताएका छन्।

वार्तामा सहभागी अधिकारी दुवै पक्ष आ-आफ्नो राजधानी फर्किएका छन् र उनीहरुले आवश्यक परामर्श गरी दोस्रो चरणको वार्ता गर्ने बताएका छन्।

रुस पछिल्लो चरणमा वार्ता जारी राख्न सहमत भएको थियो। सोही बमोजिम नै दुवै पक्ष वार्तामा बसेका थिए। रुस र युक्रेनले आगामी केही दिनभित्र नै अर्को उच्चस्तरीय वार्तामा बस्ने बताएका छन्।

उता रुसले भने पछिल्ला दिनमा युक्रेनको राजधानी किभका आवासीय क्षेत्रमा रुसले हवाई आक्रमण गरेको छ। रुसले यहाँका आवासीय क्षेत्रमै गोलाबारी गरिरहेको आरोप लगाइएको छ।

यसरी नागरिकको आवासीय क्षेत्रलाई निशाना बनाइरहेको भन्ने कुराको भने रुसले अस्वीकार गरेको छ। यता राजधानी किभमा भने खतराको जनाउ दिने साइरन बजेका बताइएको छ।

त्यस्तै युक्रेनको उत्तरी शहर चर्निभमा पनि गोलाबारी भइरहेको बताइएको छ। रुसले युक्रेनमाथि धेरै स्थानबाट हमला गरिरहेको छ।

ती स्थानमा युक्रेनी फौजको प्रतिवाद भने जारी छ। जसका कारण रुसी सेना अगाडि बढ्ने गति कम भएको छ।

## भारतमा थप झण्डै सात हजार नयाँ सङ्क्रमित

नयाँदिल्ली, १७ फागुन (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या दिनप्रति दिन घट्दै गइरहेको छ।

सरकारी अधिकारीले मङ्गलबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा छ हजार ९१५ नयाँ सङ्क्रमित भएका हुन्।

सोही अवधिमा अरु १८० जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको अधिकारीले जनाएका छन्।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या ९२ हजार ४७२ रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले जनाएको छ।

सोही अवधिमा १६ हजार ८९४ कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या दोब्बरभन्दा बढी देखिएको छ।

एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्या भन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमितको सङ्ख्या पनि घट्दै गएको छ।

## खानीमा भएको विस्फोटमा परी १३ को मृत्यु

बोगटा, १७ फागुन (रासस/सिन्ह्वा)।

कोलम्बियामा भएको खानी दुर्घटनामा परी ज्यान जानेको संख्या १३ पुगेको छ।

यहाँको उत्तरी क्षेत्रमा पर्ने ला चापा भन्ने स्थानमा रहेको एक कोइला खानीमा शनिबार विस्फोट भएको थियो।

सो विस्फोटमा परेर ज्यान जाने व्यक्तिको संख्या १३ पुगेको यहाँका अधिकारीले जानकारी दिएका छन्।

ती अधिकारीका अनुसार सो क्षेत्रमा रहेको खानीमा यसअघि पनि विस्फोट भएर कैयौं नागरिकको ज्यान गएको थियो।

खानीभित्र रहेको ग्यास विस्फोटमा परेर त्यहाँ कार्यरत मजदुरको ज्यान गएको बताइएको छ।

## सुडानमा ४४० आम नागरिक मारिए : राष्ट्रसंघ

नैरोबी, १७ फागुन (रासस/एएफपी)।

दक्षिण सुडानमा विभिन्न समुहबीचमा भएको भिडन्तका क्रममा ४४० आम नागरिकको मृत्यु भएको छ। गत वर्षको जुन र सेप्टेम्बरबीच उनीहरुको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले मङ्गलबार जनाएको छ।

भिडन्तका क्रममा धेरै मानवअधिकार उलङ्घन भएको पनि राष्ट्रसङ्घीय अधिकारीले जानकारी दिएका छन्।

सुडानमा भएको हिंसात्मक घटनाका बारेमा सुडानमा खटिएको राष्ट्रसङ्घीय मिसन युएनमिस र राष्ट्रसङ्घीय मानवअधिकार कार्यालयले संयुक्तरुपमा तयार पारेको प्रतिवेदन अहिले सार्वजनिक गरिएको हो।

# धरानको एक होटलमा महिलाको शव फेला

इनरुवा, १७ फागुन (रासस)। सुनसरीको धरान उपमहानगरपालिका-१८ बुद्धचोकस्थित 'न्यू कान्तिपुर होटल एण्ड गेष्ट हाउस'को एक कोठामा महिलाको शव फेला परेको छ।

मंगलबार बिहान कोठा सफा गर्न गएका बेला होटलका कर्मचारीले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए। अन्दाजी ३०/३५ वर्षीय महिलाको शव फेला परेको सुनसरीका प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले जानकारी दिनुभयो।

होटल सञ्चालक सुशील जिमीका अनुसार दुई दिनदेखि ती महिलासँगै एक जना पुरुष होटलको १०९ नंको कोठा बुक गरेर बसेका थिए। बिहान सरसफाइ गर्ने क्रममा ढोकाको चुकुल नलगाएको देखेर कोठमा छिरेका कर्मचारीले बेडमा सुतेकै अवस्थामा महिलाको शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

सोमबार बेलुकासम्म महिला र एक पुरुषसँगै बसे पनि बिहान भने ती पुरुष थिएनन्। फरार रहेका ती पुरुष र मृतक महिलाबीचको सम्बन्ध खुल्न सकेको छैन। महिलाको शरीरमा चोट पटक लागेको देखिएको र सँगै रहेका पुरुष फरार रहेका कारण महिलाको हत्या भएको हुनसक्ने प्रहरी उपरीक्षक थापाले बताउनुभयो। घटनाको विषयमा अनुसन्धान भइरहको छ भने महिलाको सनाखत हुन बाँकी रहेको प्रहरीले जनाएको छ।

ती महिला बसेको कोठामा सुमित्रा तामाङ लेखिएको परिचय पत्र फेला परेको प्रहरीले जनाएको छ। परिचय पत्रका आधारमा सनाखतका लागि प्रहरीले महिलाको आफन्तलाई बोलाएको छ। महिलाको अनुहारमा पनि चोटपटक रहेका कारण घटना शङ्कास्पद रहेको प्रहरी उपरीक्षक थापाले बताउनुभयो।

# मिथिलाञ्चलको प्रसिद्ध मिथिला मध्यमा परिक्रमा फागुन १९ गतेदेखि

जनकपुर, १७ फागुन (रासस)। मिथिलाञ्चलमा प्रसिद्ध १५ दिने मिथिला मध्यमा परिक्रमा यही फागुन १९ गतेबाट सुरु हुने भएको छ। प्रत्येक वर्ष फाल्गुण शुक्लपक्ष प्रतिपदाका दिन जनकपुरधामबाट मिथिला मध्यमा परिक्रममा सुरु हुने चलन छ।

धनुषाको मिथिला बिहारी नगरपालिकास्थित ऐतिहासिक महत्वको मिथिला बिहारी मन्दिरबाट औँसी तिथिका दिन फागुन १९ गते मिथिला मध्यमा परिक्रमा डोला उठ्ने मन्दिरका महन्थ रामनरेश दासले जानकारी दिनुभयो। जनकपुरधामबाट धनुषाधाम जाने मार्गमा पर्ने मिथिला बिहारी मन्दिरबाट मिथिला बिहारीअर्थात् भगवान् रामको डोला उठ्ने र परिक्रमाको क्रममा १५ दिनसम्म डोलालाई जनकपुरधामबाट कल्याणेश्वर हुँदै फुलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, क्षिरेश्वरनाथ (पर्वत्ता), धनुषाधाम, सतोषर ( मिथिलेश्वरनाथ), अउढी, करुणा, बिसौल र फेरि कल्याणेश्वरसम्म पुर्‍याउने परम्परा रहेको महन्थ दासले बताउनुभयो।

उक्त डोला फागु पूर्णिमाको दिन जनकपुरधाम फर्किएर नगरको पाँचकोसे अन्तर्गृह परिक्रमा गरी समाप्त हुने उहाँको भनाइ छ। नेपाल र भारतबीचको धार्मिक सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतीक बनेको परिक्रमाको क्रममा नेपालको धनुषा र महोत्तरीको १३ तथा भारतको दुई गरी १५ विश्रामस्थलमा अन्न क्षेत्र घोषणा गरेर साधुसन्त तथा भक्तजनलाई निःशुल्क भोजन गराउने चलन रहेको छ।

पडावस्थलमा स्वास्थ्य, बिजुलीबत्ती, भोजनलगायत व्यवस्थापनमा सहयोग गर्दै आएका बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले यसपटक पनि विशेष सहयोग गर्ने तयारी गरेको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का प्रमुख कार्यकारी निर्देशक बलराम ठाकुरले जानकारी दिनुभयो। डोलाको पछिपछि परम्परागत बाजागाजा, झाँकी कीर्तनसहितका मौलिक पहिरनमा लाखौं श्रद्धालु सहभागी हुने गरेका छन्।

# चौबीस बुँदे घोषणापत्र जारी गर्दै कानून व्यवसायीको राष्ट्रिय सम्मेलन सम्पन्न

काठमाडौँ, १७ फागुन (रासस)। न्यायपालिकाको शुद्धीकरण गरी भ्रष्टाचारमुक्त बनाउने, नयाँ प्रवेशी कानून व्यवसायीको दक्षतावृद्धिलगायतको २४ बुँदे काठमाडौँ घोषणापत्र जारी गर्दै कानून व्यवसायीको सम्मेलन सम्पन्न भएको छ।

नेपाल बार एशोसिएशनले यही फागुन १५, १६ र १७ गते आयोजना गरेको सम्मेलनको १५ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन, २०७८ को आइतबार राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्नुभएको थियो। कानून व्यवसायसम्बन्धी विभिन्न विषयमा छलफल गरी मंगलबार सम्पन्न भएको हो।

घोषणापत्रमा न्यायालयको विकृति, विसङ्गति न्यूनीकरण गर्नका लागि न्यायाधीश हरिकृष्ण कार्कीको नेतृत्वले बनाएको प्रतिवेदनको कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। त्यस्तै न्याय सम्पादनमा निष्पक्षता निर्वाह गर्नुपर्ने दायित्व भएका न्यायाधीश र अदालतको अधिकृतकोरू रूपमा सहयोग पुर्‍याउने कानून व्यवसायीसमेतलाई कुनै मुद्दा विशेषमा निर्वाह गरेको भूमिकाका आधारमा पदक दिनु र पदक लिनु न्यायिक निष्पक्षताको प्रतिकूल र विवादास्पद हुने भएकाले त्यसलाई निरुत्साहित गर्नुपर्ने उल्लेख छ।

राजनीतिक प्रभावलाई मुख्य आधार बनाई न्यायाधीशहरुको नियुक्ति हुने गरेको गुनासो, नातावाद, कृपावाद, संरक्षणवाद भागबण्डा तथा राजनीतिक प्रभाव अन्त्य गरी न्यायप्रतिको निष्ठा, व्यक्तिगत चरित्र एवं सार्वजनिक प्रतिष्ठालाई ध्यान दिनुपर्ने उल्लेख छ।

कानून व्यवसायीको आचरणका सम्बन्धमा उठने गरेको विवादको न्यूनीकरण गर्नका लागि परिषद्ले आचारसंहिताको पालना भए नभएको अनुगमन गर्न प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने उल्लेख छ। सम्मेलनले नवोदित कानून व्यवसायीको दक्षता अभिवृद्धि एवं पेसामा रहेको कानून व्यवसायीको क्षेत्रमा भएका नयाँ विकासका सम्बन्धमा विज्ञता प्रदान गर्न कानून व्यवसायीको प्रतिष्ठानको प्रबल आवश्यकता औँल्याएको छ।

---

# थप १ सय ५८ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौं, १७ फागुन (रासस)। देशभर पछिल्लो २४ घण्टामा थप १५८ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा ६ हजार ५०४ जनाको पीसीआर परीक्षण गरिएको थियो। योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या नौ लाख ७७ हजार ७६ पुगेको छ। एन्टिजेन परीक्षण गर्नेको सङ्ख्या एक लाख ३९ हजार हजार ४५३ रहेको छ।

पछिल्लो समय थप ३५४ जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ५७ हजार १६७ पुगेको छ। सङ्क्रमणमुक्त हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। थप दुई जनाले कोरोनाबाट ज्यान गुमाएका छन्। हालसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ९३८ पुगेको छ।

त्यसैगरी पछिल्लो समय एक लाख आठ हजार १४० जनाले कोरोनाविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ९७१ छ।





अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

- खेतबारी तथा उर्वर भूमि बाँझो नराखौं ।
- भूमिको अधिकतम उपयोग गरौं ।
- कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रमा टेवा पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np